PAN No.: 601250301

Regd. No. 274/269/070
SWC Affiliation No.: 37764

NEPAL LIBRARY FOUNDATION NEPAL

Anamnagar-29, Kathmandu, Tel.: +977 1 4770071

# अपिल

२०७२ सालको महाभूकम्पबाट २०१३ सालमा स्थापित **राष्ट्रीय पुस्तकालय** क्षतिग्रस्त हुनगई अति महत्वपूर्ण पुस्तक, अभिलेख, दस्ताबेजहरू अन्ततः बोरामा थन्किन पुग्यो। उपयुक्त स्थलमा भवन निर्माण गरेर सुचारु गर्न नेपाल सरकारलाई हामीहरूजस्ता थुप्रै पुस्तकालयप्रेमी संस्थाहरूले समय समयमा आवाज बुलन्द गरि खबरदारी समेत गरेका थियौं। यहिक्रममा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७५ साल असोज २८ मा जमलमा राष्ट्रीय पुस्तरकालय भवन निर्माण गर्ने निर्णय भएपछि आम पुस्तकालयप्रेमीबिच खुसियाली छाएको थियो, सरकारलाई हामीले धन्यबाद दिएका थियौं। कोरोनाको सन्त्रासमय बातावरणमा यसको नियन्त्रणकोलागि २०७६ चैत्र ११ बाट मुलुक लकडाउन भएपछि परिस्थिबस् बन्दाबन्दी भएकै अबस्थामा नेपाल सरकारले २०७७ साल श्रावण ५ मा बसेको मन्त्रिपरिषद बैठकबाट तत्काल जमलमा **राष्ट्रीय पुस्तकालय भवन निर्माण प्रकृया अगाडि नबढाउने** निर्णय गरेको खबर एकाएक सामाजिक सञ्जाल मार्फत् बाहिरिएपछि जमलमा राष्ट्रीय पुस्तकालय भवन नबन्ने पक्कापक्की भएको छ। यस बिषयमा नेपाल लाईब्रेरी फाउण्डेशनको गम्भिर ध्यानाकर्षण भएको छ।

केन्द्रीय राजधानी काठमाण्डौको मुटुमा अबस्थित् राष्ट्रीय पुस्तकालय भवन निर्माणकालागि जमल उपयुक्त स्थल भएको भन्ने कुरा पुस्तकालयप्रेमीहरूको एकमत र जनभावना रहेकाले उक्त जनभावनाको कदर गर्दै नेपाल सरकारले २०७५ असोज २८ मा गरेको निर्णयानुसार २०७७ चैत्र ११ मा भएको मन्त्रिपरिषद् निर्णय सच्याई सिघ्रादिसिघ्र भवन निर्माण प्रकृयागत काम अगाडि बढाउन नेपाल सरकारसमक्ष हार्दिक अनुरोधकासाथ अपिल गर्दछौं।

धनकुमार श्रेष्ठ

**महासचिव**

नेपाल लाईब्रेरी फाउण्डेशन, नेपाल ★ प्रधान कार्यालय: काठमाडौं, नेपाल ★ स्था: २०६९

कपिल देव थापा

**अध्यक्ष**

ईति सम्बत् २०७७ श्रावण ३१